# व्यवसायिक रूपमा वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धमा सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०२/२६ गते**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ट. को अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) बाट मिति २०८०/०५/१८ मा व्यवसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० स्वीकृत भएको र उक्त मापदण्डको दफा १५ मा **"यो मापदण्ड प्रारम्भ हुनुपूर्व व्यवसायिक रूपमा वन्यजन्तु पालन गरेका सञ्चालकले यो मापदण्ड प्रारम्भ भएको मितिले एकबर्ष भित्र मापदण्डमा तोकिएको प्रक्रिया पूरा गरी विभागबाट अनुमति वा पुनः अनुमति लिनु पर्नेछ । यसरी अनुमतिपत्र नलिएमा सो अनुमति स्वतः खारेज भएको मानिनेछ"** भन्ने व्यवस्था रहेकोले विगतमा यस विभागबाट अनुमति लिई वन्यजन्तुको पालन प्रजनन् गरेका व्यक्ति वा फर्महरूले व्यवसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० मा तोकिएको प्रक्रिया पूरा गरी २०८१/०५/१७ भित्र विभागबाट अनुमति वा पुनः अनुमति लिनु हुन । अन्यथा विभागबाट प्रदान गरिएको अनुमति स्वतः खारेज हुने र कानून बमोजिम भई जाने व्यहोरा जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
**बबरमहल, काठमाडौं**